स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ सँग सम्बन्धित

आठराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ३ मिति: २०७८/०७ /१०

भाग- २

आठराई गाउँपालिका

तेह्रथुम

१ नं. प्रदेश

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७८

ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७८

१. परिचय

ज्येष्ठ नागरिकलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा उनीहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा,आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधा को उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची ८ को क्र.सं.१६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम आठराई गाउँपालिका गाँउ कार्यपालिकाको मिति २०७८।०७।१० को बैठकले पारित गरी यो कार्यविधि लागु गरेको छ ।

२. परिचय-पत्र वितरणका आधारहरु

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकहरुको हक, ज्येष्ठ नागरक सम्बन्धी नियमावली २०६५ को नियम १५अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

३. उद्देश्य

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुले लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागि अनुसूची २ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकहरुको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

४.लक्षित वर्ग

ज्येष्ठ नागरिक सम्बन्धी ऐन ,२०६३ ले परिभाषित गरे अनुसारका वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. ज्यष्ठ नागरिकको वर्गीकरण

ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

स्पष्टीकरण: यस खण्डको प्रयोवनो लागि "एकल ज्येष्ठ नागरिक"भन्नाले विधुवा, विधुर वा अविवाहित एकल ज्येष्ठ नागरिक सम्झनु पर्छ ।

६. परिचय-पत्र वितरणका मापदण्ड

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

७. ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा नेपाल सरकारबाट प्रकाशित ज्येष्ठ नागरिकसम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ठाँचामा हुनेछ । ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकता प्रमाणपत्रको आकार बराबरको हुनेछ । परिचयपत्रको एकातर्फ नेपाली भाषामा र पछाडि पट्टी अङ्ग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ ।

८. परिचय-पत्र वितरण प्रक्रिया

(क) ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्न साठी वर्ष मेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र दुई प्रति अटो साइजको फोटो संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिने छ ।

(ग) ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारी वडा अध्यक्ष वा निजले तोकेको पदाधिकारी हुनेछ ।

(घ) परिचय पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी वडा तथा गाँउपालिकाको कार्यालय मार्फत वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(च) यस गाउँपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाण पत्र भएमा अनिवार्य रुपमा निजले बसाइ सराई वा मतदाता परिचय पत्र पेश गर्नु पर्नेछ ।

(५) यस पूर्व महिला तथा बालबालिका कार्यलयबाट ज्येष्ठ नागरिकहरुले प्राप्त गरेको परिचय पत्र यसै कार्यविधि बमोजिम भए गरेको हुनेछ ।

९. विविध

(क) ज्येष्ठ नागरिक परिचय पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्ने छ ।

(ख) ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक अन्य द्विविधा भएमा प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूची -३

(नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

ज्येष्ठ नागरिक परिचय-पत्र

senior citizenship

आठराई गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय,

संक्रान्तिबजार तेह्रथुम, १ नं. प्रदेश, नेपाल।

प.प. नं. :-

Card No:-

फोटो
Photo

नाम थर :....................................................राष्ट्रियता..................................

Name.................................................... Nationality.............................................

ना.प्र.प.नं: ..................................... Citizenship no................................

ठेगाना : जिल्ला...................गा.पा......................वडा नं................टोल/गाँउ...............

Address...................Distric......................Municipality Ward No.............. Tole / Village .................

उमेर :................ लिङ्ग......................... जन्म मिति..................................................

Age....................Sex.....................Date of birth.............................................................

उपलब्ध छुट तथा सुविधाहरु :.......................................................Available Service.......................................................

पति/पत्नी/छोरा/छोरीको नाम :...................................................................

Name of Wife/Husband/Daughter/son..........................................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :....................................................................

संरक्षकको नाम, थर :.......................................सम्पर्क ठेगाना...........................मोबाइल नं.........................

Name of caretaker, Contact No.......................................................................................

रक्त समूह.........................रोग भए रोगको नाम:.........................सेवन गरिएको औषधिको नाम........................

Bloood Group......................Diseases Name................................. Name of drugs.......................................

प्रमाणित गर्ने :-

दस्तखत :

नाम थर :

पद:

कार्यालय :

अनुसूची -१

(नियम ८ को उपनियम (१), नियम १२ को उपनियम (३) र नियम १६को उपनियम (३) सँग सम्बन्धित)

## ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख

१.ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण

(क) ज्येष्ठ नागरिकको नाम, थरः

(ख) बावु तथा आमाको नामः

(ग) बाजे तथा बजैको नामः

(घ) जन्ममिति रस्थानः

(ङ) ठेगानाः

(अ) स्थायी ठेगानाः जिल्ला...............गा.पा./न.पा.................वडा नं......टोल/गाउँ...............फोन नं........... इमेल.......
.......................

(आ) अस्थायी ठेगानाः...............................................

(च) लिङ्गः............ (छ) नागरिकता नं......... जारी मिति......................

(ज) स्वास्थ्यसम्बन्धी विवरण ( कसने विशेष रोग, शारीरिक अपाङ्गता वा कुनै दीर्घ रोग भए खुलाउने):................................................
........................................................................................................................

२. ज्येष्ठ नागरिकको परिवार सम्बन्धी विवरणः

(क) सगोलको छोरा, बुहारी, छोरी, नाति, नातिनी को,

(अ) नाम, थर र ठेगानाः

(आ) सम्पत्ति तथा आयस्ता सम्बन्धी विवरणः

(ख) छुट्टीएर बसेको छोरा, बुहारी, छोरी, नाति, नातिनी को,

(अ) नाम, थर र ठेगानाः

(आ) सम्पत्ति तथा आयस्ता सम्बन्धी विवरणः

(ग) हकवाला सम्बन्धी विवरणः

| क्र.सं. | नाम, थर | उमेर | नाता | व्यवसाय | ठेगाना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३ | | | | | |

४.

(घ) अन्य पारिवारिक पृष्ठभूमीः

३. . ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षताः

(क) शैक्षिक योग्यताः

(ख) पेशागत दक्षताः

(ग) अनुभवको क्षेत्रः

४.ज्येष्ठ नागरिक्को सम्पत्ति विवरणः

(क) चल सम्पत्तिः

(ख) अचल सम्पत्तिः

प्रमाणित गर्नेको,

नाम, थरः

पदः

निकायः